# शारदा साहित्यिक पत्रिकाको अध्ययन र मूल्याङ्कन

(नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म)

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
पाटन संयुक्त क्याम्पस, नेपाली शिक्षण समितिको स्नातकोत्तर तह
दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र


**शोधार्थी :**

रामहरि खत्री

रोल नं. ३०/०६२/०६४/परीक्षा क्रमाङ्क ४३१३

त्रि.वि. रजिस्ट्रेसन नं. १५०४०-८९

नेपाली शिक्षण समिति

पाटन संयुक्त क्याम्पस

पाटनढोका, ललितपुर


२०६६

# शोधनिर्देशकको सिफारिस

श्री रामहरि खत्रीले **"शारदा साहित्यिक पत्रिकाको अध्ययन र मूल्याङ्कन"** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । 'शारदा' साहित्यिक पत्रिकाको नेपाली साहित्यको विकासमा उच्च स्थान रहेको यथार्थ सबैमा विदित नै छ । वि.सं. १९९१ सालमा सुब्बा ऋद्धिबहादुर मल्लको प्रधानसम्पादनमा यसको प्रकाशन प्रारम्भ भएको हो । नेपाली साहित्यका मूर्धन्य प्रतिभाहरू यस पत्रिकाले जन्माएको सत्यको पुष्टिका निम्ति इतिहास साक्षी छ । लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौडेल, बालकृष्ण सम, गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, गोपालप्रसाद रिमाल, भूपी शेरचनजस्ता दर्जनौं नेपाली साहित्यिक प्रतिभाहरू 'शारदा' का माध्यमबाट सार्वजनिक भएर स्थापित भएका हुन् । त्यसैले आज 'शारदा' साहित्यिक आन्दोलनका निम्ति स्मारक भएको छ ।

वि.सं. १९९१ बाट प्रकाशन प्रारम्भ भएको 'शारदा' २०२० सालमा प्राविधिक कठिनाइँका कारणबाट एकाएक बन्द हुन पुग्दछ । लगभग त्रिचालीस वर्षपछि कलाकार एवं वरिष्ठ कवि श्री नरेन्द्रबहादुर श्रेष्ठको प्रधान सम्पादनमा 'शारदा' को पुनः प्रकाशन नवाङ्कका रूपमा २०६३ साल वसन्तपञ्चमीका दिन हुन्छ । 'शारदा' को यही नवाङ्कदेखि लिएर बाह्र अङ्कसम्मका मुख्य-मुख्य सामग्रीहरूको साहित्य सिद्धान्तका आधारबाट अध्ययन र विश्लेषण गर्ने कार्य खत्रीले गर्नुभएको छ । उहाँले पत्रपत्रिकाको ऐतिहासिक चिनारी दिनुका साथै 'शारदा' को इतिवृत्तसमेत यहाँ खिच्नु भएको छ । नेपाली साहित्यिक पत्रिकाको बीचमा 'शारदा' को स्थानसमेत पहिल्याउने कार्य यहाँ भएको छ । यसका अतिरिक्त 'शारदा' नवाङ्कका प्रधानसम्पादक श्री नरेन्द्रबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको पनि अध्ययन गर्ने कार्य शोधार्थी खत्रीले यस शोधकार्यमा बडो मिहिनेतका साथ प्रस्तुत गर्नुभएको छ । साथै यी सबै सामग्रीहरूको अध्ययन र विश्लेषण गर्ने काम शोधविधिको सैद्धान्तिक मान्यताको आधारमा गर्नुभएको छ । उहाँको बौद्धिक कार्यप्रति म एकदमै सन्तुष्ट छु । अतः उहाँले सुसम्पन्न गरी प्रस्तुत गर्नुभएको शोधपत्रको आवश्यक मूल्याङ्कनका निम्ति पाटन संयुक्त क्याम्पस, नेपाली शिक्षण समिति समक्ष सिफारिस गर्दछु ।

...................................

सहप्रा.डा.कृष्णप्रसाद दाहाल
शोधनिर्देशक
नेपाल स्नातकोत्तर कार्यक्रम संयोजक
पाटन संयुक्त क्याम्पस
पाटनढोका

# <u>मूल्याङ्कन समितिको स्वीकृति</u>

स्नातकोत्तर दोस्रो वर्षको दसौँपत्रको आवश्यक परिपूर्तिका निम्ति श्री रामहरि खत्रीले तयार गर्नुभएको **"शारदा साहित्यिक पत्रिकाको अध्ययन र मूल्याङ्कन"** शीर्षकको शोधपत्रको आवश्यक मूल्याङ्कन सुसम्पन्न गरी स्वीकृति प्रदान गरिएको छ ।

..........................

सहप्राध्यापक : सुरेन्द्रवरसिंह थापा
विभागीय प्रमुख
नेपाली शिक्षण समिति
पाटन संयुक्त क्याम्पस
पाटनढोका

.............................

वरिष्ठ साहित्यकार : शिव रेग्मी
बाह्य परीक्षक

...........................

सहप्रा. डा. कृष्णप्रसाद दाहाल
संयोजक
नेपाली स्नातकोत्तर कार्यक्रम
पाटन संयुक्त क्याम्पस
पाटनढोका

मितिः.........................

# कृतज्ञता-ज्ञापन

'शारदा' पत्रिकाको इतिहासमा (वि.सं. १९९१-२०२० सम्म) रघुनाथ घिमिरेले वि.सं. २०३२ पौषमा शोधपत्र प्रस्तुत गरेका हुन् तर 'शारदा' पुनः प्रकाशन वि.सं. २०६३ साल यताको अङ्कहरूको सन्दर्भमा शोधपत्र प्रस्तुत नभएकाले यही अपूर्णतालाई पूर्णता दिन यसको बारेमा गहन अध्ययन गरी ठोस तथ्य प्रस्तुत गर्ने उद्देश्यले मैले **"शारदा साहित्यिक पत्रिकाको अध्ययन र मूल्याङ्कन"** शीर्षकको यो शोधपत्र सुसम्पन्न गरेको हुँ । यो शोधपत्र श्रद्धेय तथा आदरणीय गुरु सहप्राध्यापक डा. कृष्णप्रसाद दाहालज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । शोधपत्र तयार पार्ने क्रममा कतिपय व्यावहारिक कठिनाइका वावजुद पनि मलाई आफ्नो अमूल्य समय र सहयोग दिई शोधपत्रको विषय छनोट गर्नेदेखि लिएर सामग्री संकलन आदि कार्यमा आवश्यक सल्लाह र सुझाव अनि उचित मार्गदर्शन दिएर शोधपत्र लेखनका क्रममा मलाई सजग र सचेत गराई समुचित मार्गनिर्देशन गर्नु हुने आदरणीय शोधनिर्देशक श्रद्धेय गुरुप्रति आभार प्रकट गर्दै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस क्रममा उहाँकी सहधर्मिणी आदरणीय गुरुआमा श्रीमती रीता दाहाल, गुरुपुत्री द्वय कृतिका दाहाल र निकिता दाहालले पनि मलाई शोधपत्र लेखनमा गुन लगाउनु भएको हुँदा उहाँहरूप्रति आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

शोधपत्रको तयारीका क्रममा 'शारदा' पत्रिकाका सम्पूर्ण अङ्कहरू र यससित सम्बन्धित विभिन्न पुस्तक, अन्य पत्रपत्रिका साथै 'शारदा' पुनः प्रकाशनको 'वैठक पुस्तिका', 'शारदा' पत्रिकाको प्रकाशन सम्बन्धी व्यवस्थापनदेखि लिएर विभिन्न गतिविधि बारे लिखित तथा मौखिक जानकारी एवं सल्लाह-सुझाव दिएर आवश्यक सहयोग जुटाई दिनुहुने यस 'शारदा' मासिक पत्रिकाका प्रधान सम्पादक तथा बहुमुखी प्रतिभाका धनीका रूपमा सुपरिचित साहित्यकार नरेन्द्रबहादुर श्रेष्ठ तथा उहाँकी धर्मपत्नी श्रीमती निरू श्रेष्ठप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै, शोधपत्र कार्यका लागि आवश्यक पुस्तक, पत्रपत्रिका तथा अप्रकाशित शोधपत्र आदि उपलब्ध गराउने त्रि.वि. केन्द्रीय पुस्तकालय र पाटन संयुक्त क्याम्पसका कर्मचारीहरूलाई पनि म धन्यवाद प्रदान गर्दछु ।

मेरो शिक्षा-दीक्षालगायत हरेक कुरामा बाल्यकालदेखि सहयोग पुऱ्याउने तथा राम्रो संस्कार प्रदान गरी मलाई आजको अवस्थासम्म ल्याउन प्रेरणा दिनुहुने आदरणीय स्व. हजुरबुबा मानबहादुर खत्री, बुबा बलराम खत्री, स्व. ममतामयी आमा सुन्तली खत्री, दाजु सुदर्शन खत्री र भाउजू ईश्वरी खत्री, दिदी - भिनाजुहरू दुर्गा खत्री (खड्का) तथा पुष्पराज (शेष) खड्का, लक्ष्मी खत्री (के.सी) तथा विष्णु के.सी., कालिका खत्री ( पाठक) तथा स्व. टपबहादुर पाठकप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तैगरी मेरो घर-व्यवहारका हरेक समस्याहरूमा साथ दिँदै यस शोधपत्र लेखनमा सहयोग गर्ने मेरी धर्मपत्नी अप्सरा खत्री, मेरा छोरा-छोरीहरू सरस्वती खत्री (के.सी), पार्वती खत्री ( के.सी.), रश्मि खत्री (के.सी.) र रमेश खत्री (के.सी.) तथा भाइ-बुहारी श्रीकृष्ण खत्री र भवानी खत्रीप्रति स्नेहभाव प्रकट गर्दै धन्यवाद व्यक्त गर्दछु ।

मेरो बाल्यकालदेखि हालसम्म औपचारिक तथा अनौपचारिक शिक्षा प्रदान गरी सत्मार्गरूपी प्रेरणा जगाउनु हुने सम्पूर्ण विद्वान् तथा गुरुवर्ग, श्रीबालकुमारी मा.वि. ( ल.पु. सुनाकोठी गा.वि.स., हाल उच्च मा.वि.) मा मलाई अध्यापन गराउनु हुने सम्पूर्ण गुरु-गुरुआमाहरू, केन्द्रीय क्याम्पस कीर्तिपुर/शिक्षाशास्त्र संकाय तथा नेपाल ल कलेजमा मलाई सम्बन्धित विषयमा अध्यापन गराउनुहुने सम्पूर्ण गुरुवर्गका साथै यस शोधपत्र तयार गर्ने क्रममा मेरा मनमा उठेका जिज्ञासाहरूलाई सरल तरिकाबाट शान्तपूर्वक प्रस्तुत गरी आवश्यक सल्लाह र सहयोग गरिदिनुहुने पाटन संयुक्त क्याम्पस नेपाली शिक्षण समितिका सम्पूर्ण श्रद्धेय गुरु-गुरुआमाहरू तथा यस क्याम्पसमा वि.सं. २०४५/०४६ सालदेखि हालसम्म मलाई नेपाली, अर्थशास्त्र, राजनीतिशास्त्र, नेपाल परिचय आदि विभिन्न विषयमा अध्यापन गराउनुहुने सम्पूर्ण गुरु-गुरुआमाहरूप्रति म हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र लेखन कार्यमा मेरा शुभचिन्तक मित्रहरू हरिहर घिमिरे, हरिश्चन्द्र घिमिरे, रामचन्द्र यादव तथा श्रीमती भारती यादव, नवीन कर्ण तथा रश्मि कर्ण, संजितकुमार झा तथा सिमी झाको प्रेरणा र सहयोगलाई अविस्मरणीय मान्दै उहाँहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी यस शोधपत्र तयार पार्न आवश्यक वातावरण प्रदान गरी विभिन्न तरिकाले सहयोग गर्नुहुने (म आफू कार्यरत) कल्याण मा.वि. (धापाखेल -९, ललितपुर) का प्रधानाध्यापक श्री श्याम कार्कीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस विद्यालयमा हाल अध्ययन-अध्यापन गरिरहेका (

हाल कार्यरत) तथा भू.पू. भइसकेका मेरा सम्पूर्ण सहकर्मी शिक्षक-शिक्षिका मित्रहरू, आयाहरू, विद्यार्थी भाइ-बहिनीहरूप्रति पनि म हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस शोधपत्र तयार गर्ने क्रममा प्राप्त 'शारदा' का अङ्कहरू मेरा सहकर्मी शिक्षक-शिक्षिका मित्रहरू, विद्यार्थी भाइ-बहिनीहरू आदि समक्ष प्रस्तुत गर्दा उक्त पत्रिकाका अङ्कहरूलाई निकै चासो राखेर अध्ययन गरी 'शारदा' पत्रिका हामी खोजी-खोजी पढ्छौँ ! भन्ने मीठो उद्गार प्रस्तुत गरेको सुन्दा आफूले गरेको शोधकार्यप्रति गर्व र हर्षसमेत भएकाले मेरा सहकर्मी मित्रहरू तथा विद्यार्थी भाइ-बहिनीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

म जस्तो धार्मिक आस्था र विश्वास (परिवारजन र गुरुवर्गबाट) प्राप्त व्यक्तिले माता सरस्वतीको प्रसाद स्वरूप 'शारदा' पत्रिकामा शोधकार्य गर्न पाउनु आफैँमा गर्वको कुरा भएकोले माता सरस्वती/'शारदा' लाई सभक्ति समर्पण गर्दै 'शारदा' स्तुति/सरस्वती वन्दना प्रस्तुत गर्दछु :

शारदा माता विद्याकी दाता,
ज्ञान-बुद्धि देऊ हामीलाई ।
अज्ञानीलाई विद्या दान दिई,
शरणमा लेऊ सबैलाई ॥

भारती माता विद्याकी दाता,
भक्तिभाव जगाई देऊ हामीलाई ।
गुरु, माता-पितामा श्रद्धा जगाई,
उज्ज्वल ज्ञान देऊ भक्तलाई ॥

सरस्वती माता विद्याकी दाता,
भाग्यरेखा हाम्रो कोरी देऊ ।
विद्या दान हामीलाई दिएर,
संसारमा नामी बनाई देऊ ॥

सरस्वती माता विद्याकी दाता,
घटघटमा आई बसिदेऊ ।

आशीर्वाद हामीलाई दिएर
मुक्तिको बाटो देखाई देऊ ॥

'शारदा' का १२ अङ्कपछि सबै अङ्क उपलब्ध गराउने साहित्यकार विमल भौकाजीलाई पनि धन्यवाद ज्ञापन गर्दछु । यो शोधपत्र तयार पार्न विभिन्न ग्रन्थ, पुस्तक, पत्र-पत्रिकाहरूको आधार लिएको छु, त्यसैले जुन-जुन पुस्तक र लेखहरूबाट सहयोग लिइएको छ, तिनीहरूका आदरणीय लेखक र विद्वान्प्रति पनि म हार्दिक आभार प्रकट गर्दछु । अन्तमा शोधपत्र तयार पार्ने क्रममा यथासम्भव शुद्धताका साथ टङ्कण गरिदिनुहुने 'आनन्द टाइपिङ्ग', माइतीघर, काठमाडौंका प्रोप्राइटर/प्रिन्सिपल श्री आशाकाजी महर्जन तथा सह-प्रोप्राइटर आनन्दकुमार महर्जन र अम्बिका महर्जनप्रति आभार व्यक्त गर्दै हृदयदेखि नै धन्यवाद व्यक्त गर्दछु । म यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि पाटन संयुक्त क्याम्पस, नेपाली स्नातकोत्तर कार्यक्रम समक्ष प्रस्तुत गर्दछु ।

...............................

रामहरि खत्री
शोधार्थी
रोल नं. :- ३०/०६२/०६४/परीक्षा क्रमाङ्क ४३१३
त्रि.वि.रजिस्ट्रेसन नं.:- १५०४०-८९
नेपाली शिक्षण समिति
पाटन संयुक्त क्याम्पस
पाटनढोका, ललितपुर
२०६६

# विषय-सूची


| विषय | पृष्ठ संख्या |
|---|---|
| शोधनिर्देशकको सिफारिस | |
| मूल्याङ्कन समितिको स्वीकृति | |
| कृतज्ञता-ज्ञापन | |
| सङ्क्षेपीकृत शब्द | |


## अध्याय -१

## शोध-परिचय


| | | |
|---|---|---|
| १. | **परिचय** | १ |
| | १.१ शोध शीर्षक | १ |
| | १.२ शोधकार्यको प्रयोजन | १ |
| | १.३ शोध-समस्या | १ |
| | १.४ शोधपत्रको उद्देश्य | २ |
| | १.५ अध्ययनको क्षेत्र | ३ |
| | १.६ अध्ययनको सीमा | ३ |
| | १.७ पूर्वकार्यको विवरण | ३ |
| | १.८ सामग्री संकलन र शोधबिधि | ६ |
| | १.९ शोधपत्रको रूपरेखा | ६ |


## अध्याय -२

## नेपाली पत्रपत्रिकाको ऐतिहासिक चिनारी र 'शारदा' पत्रिकाको स्थान


| | | |
|---|---|---|
| २ | **परिचय** | ७ |
| | २.१ नेपाली पत्रपत्रिकाको ऐतिहासिक चिनारी र 'शारदा' पत्रिकाको स्थान | ७ |
| | २.१.१ पृष्ठभूमि | ७ |

२.१.२ 'शारदा' पूर्वका प्रमुख नेपाली पत्रपत्रिकाहरूको अध्ययन ८
२.१.३ आधुनिक नेपाली पत्रिकाको कोशेढुङ्गा 'शारदा' को अध्ययन १४
२.१.४ 'शारदा' उत्तर साहित्यिक पत्रपत्रिकाहरूको अध्ययन १५
२.२ निष्कर्ष २४

**अध्याय -३**

तत्कालीन पत्रपत्रिकाको अवस्था र 'शारदा' पत्रिकाको प्रकाशन

३. परिचय २५
३.१ तत्कालीन पत्रपत्रिकाको अवस्था र 'शारदा' पत्रिकाको प्रकाशन २५
३.१.१ साहित्यिक पत्रिकाको कोशेढुङ्गो 'शारदा' पत्रिकाको प्रकाशन २५
३.१.२ 'शारदा' पत्रिकाको नामकरण ३४
३.१.३ 'शारदा' पत्रिकाको उद्देश्य ३४
३.१.४ 'शारदा' पत्रिकाको चिनारी ३६
३.१.४.१ 'शारदा' का प्रकाशित अङ्कहरू, 'शारदा' का अङ्क बारे भ्रम निरूपण र प्रकाशन ३६
३.१.४.२ 'शारदा' सम्पादन, प्रकाशन, प्रबन्धन र मुद्रण ४८
३.१.४.३ 'शारदा' मा प्रकाशित विशेषाङ्कहरू ४९
३.१.४.४ 'शारदा' पत्रिकाको शोधपत्र र यसमा प्रकाशित सामग्रीहरूको अध्ययन ४९
३.२ निष्कर्ष ५०

**अध्याय -४**

'शारदा' नवाङ्क १ देखि १२ अङ्कसम्मका सामग्रीहरूको
विवरणात्मक अध्ययन

४ **परिचय** ५१
४.१ 'शारदा' साहित्यिक पत्रिकाको पुनः प्रकाशन नवाङ्क १ देखि विशेषाङ्क १२ सम्मका प्रकाशित सामग्रीहरूको विवरणात्मक अध्ययन ५१

४.१.१ 'शारदा' साहित्यिक पत्रिका पुनः प्रकाशन वि.सं. २०६३, माघ नवाङ्क १ देखि वि.सं. २०६४, पुस विशेषाङ्क १२ सम्मका प्रकाशित सामग्रीहरूको अध्ययन ५१
४.१.२ 'शारदा' वि.सं. २०६३, नवाङ्क १ देखि विशेषाङ्क १२, २०६४ सम्मका प्रकाशित लेखरचनाहरूको विवरणात्मक अध्ययन ६०
४.२ निष्कर्ष ९४
६३

## अध्याय -५

## 'शारदा' पत्रिकाले पुऱ्याएको विधागत योगदानको विश्लेषणात्मक मूल्याङ्कन

५. परिचय ९६
५.१ 'शारदा' पत्रिकाको विधागत योगदानको विश्लेषणात्मक मूल्याङ्कन ९६
५.१.१ 'शारदा' पत्रिकामा प्रकाशित कविताहरूको अध्ययन ९७
५.१.२ 'शारदा' पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन ११८
५.१.३ 'शारदा' पत्रिकामा प्रकाशित लेख-निबन्ध, संस्मरण, आत्मवृत्तान्त, नियात्रा, आत्मलापहरूको अध्ययन १३१
५.१.४ 'शारदा' पत्रिकामा समीक्षा, समालोचना, विवेचना, पुस्तक चर्चाहरूको अध्ययन १४१
५.१.५ 'शारदा' पत्रिकामा प्रकाशित कला, साहित्य, संस्कृति, परम्परा, धर्महरूको अध्ययन १५०
५.१.६ 'शारदा' पत्रिकामा प्रकाशित पत्र-पत्रांश, समाचार-अन्तरक्रियाहरूको अध्ययन १५१
५.१.७ 'शारदा' पत्रिकामा प्रकाशित 'शारदा' का ऐतिहासिक मौलिक पृष्ठहरूको अध्ययन १५२
५.१.८ 'शारदा' पत्रिकामा प्रकाशित कैफियतहरूको अध्ययन १५३
५.१.९ 'शारदा' पत्रिकामा प्रकाशित नाटक-एकाङ्कीहरूको अध्ययन १५४

५.१.१० 'शारदा' पत्रिकामा प्रकाशित भलाकुसारी, सुझाव, कुराकानी, अन्तर्वार्ताहरूको अध्ययन १५५
५.१.११ 'शारदा' पत्रिकामा प्रकाशित इतिहास, व्यक्तित्वहरूको अध्ययन १५७
५.१.१२ 'शारदा' पत्रिकामा प्रस्तुत आवरण चित्र/साहित्येतर विषयहरूको अध्ययन १५८
५.१.१३ 'शारदा' पत्रिकामा प्रकाशित विविध साहित्यिक तथा साहित्येतर सामग्रीहरूको अध्ययन १५८
५.१.१४ 'शारदा' पत्रिकामा प्रकाशित सम्पादकीय विचार, साहित्यिक तथा साहित्येतर सामग्रीहरूको अध्ययन १५९
५.१.१५ निष्कर्ष १६१

**अध्याय -६**

'शारदा' पत्रिकाका प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

६. परिचय १६३
६.१ जन्म र जन्मस्थान १६३
६.२ वंश परम्परा तथा बसोबास १६४
६.३ उपनयन तथा शिक्षा १६६
६.४ दाम्पत्य जीवन र छोराछोरी १६८
६.५ प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठ र 'शारदा' पत्रिकाको पुनः प्रकाशन १६९
६.६ संलग्नता १७१
६.७ पुरस्कार तथा सम्मान १७५
६.८ नरेन्द्रबहादुर श्रेष्ठका साहित्यिक कृतिहरू १७६
६.९ कलाकारिता १८०
६.१० नरेन्द्रबहादुर श्रेष्ठका विविध व्यक्तित्वगत सान्दर्भिक पक्षहरू १८१

६.११ निष्कर्ष १८३

**अध्याय -७**

७. उपसंहार एवम् निष्कर्ष १८४
**सन्दर्भ ग्रन्थ-सूची** १९३
सन्दर्भ शोधपत्र १९४
सन्दर्भ पत्र-पत्रिका १९५
परिशिष्ट